# नवदुर्गा गाउँपालिकाको

# दोस्रो गाउँसभाको तेस्रो अधिवेशनमा

## प्रस्तुत बजेट तथा कार्यक्रम

## २०८०/०८१

नवदुर्गा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मणिलेक, डडेल्धुरा

मिति : २०८० असार १० गते आइतबार

CamScanner

# नवदुर्गा गाउँपालिकाको दोस्रो गाउँसभाको तेस्रो अधिवेशनमा गाउँपालिकाका उपाध्यक्ष निर्मला कुमारी बोगटी बिष्ट ज्यूवाट प्रस्तुत बजेट तथा कार्यक्रम २०८०

**सभाध्यक्ष महोदय,**

**गाउसभाका सदस्य ज्युहरु ,**

राष्ट्रहित,लोकतन्त्र र अग्रगामि परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष,त्याग र बलिदानको गौरवमय इतिहासले बहुलबादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली स्थापनाका निम्ति आफनो ज्यान बलिदानी गर्नु हुने ज्ञात अज्ञात महान शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दै घाईते, अपांगता भएका सम्पूर्ण योद्धाहरु, टुहुरा परिवारजन बेपत्ता र तिनका परिवारजनहरुको शिघ्र स्वास्थ्यलाभ सहित उपचारको उचित प्रवन्धको कामना सहित राष्ट्र निर्माणमा महत्वपुर्ण योगदान पुऱ्याउनु हुने राष्ट्रिय सपुतहरु लाई पुनः स्मरण गर्न चाहन्छु ।

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभावाट पारित नेपालको संविधान २०७२ को कार्यान्वयन स्वरुप स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भएको छ । निष्पक्ष,स्वतन्त्र,शान्तिपूर्ण,स्वच्छ र मर्यादित वातावरणमा सम्पन्न यस निर्वाचनले लोकतन्त्रलाई जरैदेखि बलियो बनाएको छ ।

स्थानीय तह गठनको दोश्रो कार्यकाल भएका कारण विगतको सरकारको असल अभ्यासलाई निरन्तरता दिदै जनताका तमाम अपेक्षाका विचबाट सिमित श्रोत साधनमा असीमित आवश्यकताको परिपुर्ति गर्दै जनताका जन चाहना अनुसार श्रोत साधनको तादम्यता कायम गर्नु पर्ने चुनौती हामी समक्ष रहेको छ । परन्तु, उपलब्ध सीमित स्रोत र असीमित जनचाहानाका बीचबाट आदर्श अभ्यास मार्फत जनताको सर्वोपरी हीत गर्नु हाम्रो एक मात्र अभिन्न लक्ष्य रहेको छ ।

नेपालको संविधानको भाग १७ (स्थानीय कार्यपालिका) अन्तर्गत धारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा भाग १९ (स्थानीय आर्थिक कार्यप्रणाली) अन्तर्गत धारा २३० को गाउँपालिकाको राजश्व र व्ययको अनुमान सम्वन्धी व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०८०/०८१ को नवदुर्गा गाउँपालिकाको बजेट तथा कार्यकम आज यस गरिमामय गाउँसभा समक्ष पेश गरेको छु । यस सुखद पृष्ठभूमिमा यस सभामा आर्थिक बर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा अत्यन्त गौरवान्वित महसुश गरेको छु ।

नवदुर्गा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक,राज्यका निर्देशक सिद्धान्त,नीति र दायित्व,पन्धौ योजनाको प्राथमिकता,नवदुर्गा सरकारको नीति तथा कार्यक्रम र बजेटका सिद्धान्तका प्राथमिकता उपर सभा सदश्य ज्यूहरुबाट प्राप्त सुझाव र दिगो विकास लक्ष्यहरुलाई बजेट तर्जुमाको मार्गदर्शकको रुपमा लिएको छु।

समानुपातिक,समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संवैधानिक संकल्प पूरा गरि निरपेक्ष गरिबिको मारमा परेका वर्ग, क्षेत्र, लिंग र समुदाय सहितका आम नवदुर्गाबासि जनताको विकासको चाहनालाई सम्बोधन गरी आर्थिक सर्मद्धि, समानता र सामाजिक न्याय सुनिश्चित गर्ने कार्यलाई बजेटमा प्राथमिकता राखेको छु। तथापी यस वर्ष राष्ट्रिय अन्तराष्ट्रिय जगतमा देखिएको आर्थिक मन्दिका कारण सृजित समस्याले गर्दा स्वभावतह हाम्रो अनुदानमा समेत कटौती हुन पुगेको छ। यसका बाबजुत पनि हामीलाई प्राप्त हुने स्रोत साधन हाम्रो आफ्नै आन्तरिक आम्दानी समेतलाई मध्येनजर गरि जनताका तमाम आवश्यकता सँग तालमेल हुनेगरि सिमित साधन र स्रोतको समुचित बाडफाड गर्ने प्रयास गरिएको छ।

**सभाध्यक्ष ज्यू**

**गाउसभाका सदस्य ज्युहरु,**

अब म चालु आर्थिक वर्षको आर्थिक गतिविधि तथा बजेट कार्यान्वयनको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

चालु आर्थिक बर्ष २०७९।०८० को लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजनाहरु कार्यान्वयनको अन्तिम चरणमा पुगेका छौ।

चालु आर्थिक वर्षको एघार महिनासम्म कुल बजेटको ६५ प्रतिशत खर्च भएको छ। जसमा चालु तर्फ ७० प्रतिशत र पूजिगत तर्फ ६० प्रतिशत खर्च भएको छ।

उच्च मूल्य वृद्धि र विकासका विविध अवरोधको चुनौतीका वावजुत पनि चालु आ.व.मा संघीय सरकारबाट प्राप्त समपूरक र विशेष अनुदान अन्तरगतका योजनाहरु सम्पन्न हुने चरणमा छन।

चालु आवमा आन्तरिक राजश्व र वाडफाडवाट प्राप्त राजश्व तर्फ र समानिकरण तर्फ अन्तिम चौमासिकको ५० प्रतिशत अनुदान रोक्का हुदा वार्षिक अनुमानित आय भन्दा करिब रु तिन करोड पचास लाख कम आम्दानी हुने देखिन्छ। घाटा बजेट तर्जुमा गर्दा अपेक्षित आय र व्ययको लक्ष्य हासिल गर्न चुनौतिपूर्ण रहेको छ।

आर्थिक वर्षको अन्त्य सम्ममा कुल खर्च ८० प्रतिशत हुने अनुमान गरेको छु।

नवदुर्गा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश नेपाल

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

**सभाध्यक्ष ज्यू**

**गाउसभाका सदस्य ज्युहरु ,**

अब म आगामि आर्थिक वर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रमको **उद्देश्य तथा प्राथमिकता** प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**बजेट तथा कार्यक्रमको उद्देश्यहरु**

१. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नु ।

२.अल्पकालिन,मध्यकालिन तथा दिर्घकालिन रोजगारी मार्फत गरिबी निवारण गर्नु ।

३.संविधानमा व्यवस्था भएका मौलिक हक र राज्यका नीतिहरुको क्रमश कार्यान्वयनका लागि संघीय र प्रदेश सरकारसँग समन्वय गर्नु ।

४.उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरि छिटो प्रतिफल दिने योजना निर्माण गर्नु ।

५.प्राकृतिक स्रोत साधन,पुरातात्विक सम्पदा र मौलिक पहिचानको संरक्षण गर्नु ।

६.जनताका आधारभुत आवश्यकता परिपूर्ति गर्दै गुणस्तरीय शिक्षा र स्वास्थ्यको सुनिश्चितता गर्नु ।

७.वितिय जोखिमहरु न्यूनिकरण गर्दै संस्थागत सुशासन कायम गर्नु ।

**बजेट तथा कार्यक्रमको प्राथमिकताहरु**

१.गुणस्तरीय शिक्षा,स्वास्थ्य

२. कृषि क्षेत्रको रुपान्तरण, उत्पादन उत्पादकत्व,रोजगारी सिर्जना,गरिबी निवारण

३.स्थानीय आर्थिक विकास

४.मानव पूजि निमार्ण

५.पूर्वाधार विकास तथा निर्माण

६.वातावरण संरक्षण,विपद व्यवस्थापन

७.प्रभावकारी सार्वजनिक सेवा, सुशासन प्रवर्द्धन र सदाचार

उल्लेखित उद्देश्य तथा प्राथमिकता हासिल गर्न आर्थिक वर्ष २०८०।०८१ को वजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न प्रमुख आधारहरु अवलम्वन गरेको छु ।

क) नेपालको संविधान

ख) स्थानीय सरकार संचालन ऐन, २०७४

ग) राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४

घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

ङ) संघिय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु

नवदुर्गा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भगिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश नेपाल

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

CamScanner

च) नवदुर्गा गाउँपालिकाको वार्षिक निति तथा कार्यक्रम २०८०

छ) संघीय र प्रादेशिक सरकारको आवधिक विकास योजना

ज) संघीय तथा प्रदेश सरकारको मार्ग दर्शन

झ) आर्थिक सामाजिक पुर्वाधार वातावरण संस्थागत विकास सुशासन जस्ता क्षेत्रगत आधारहरु ।

ञ) दीगो विकासका लक्ष्यहरु

**सभाध्यक्ष ज्यू एवम**

**गाउसभाका सदस्य ज्युहरु ,**

अव म आ.व.२०८०/०८१ को मुख्य मुख्य क्षेत्रगत कार्यकम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## पुर्वाधार विकास

सडक पुर्वाधार :

- जिल्ला यातायात पुर्वाधार गुरु योजना अनुसार वर्गीकृत भएका जिल्लाका मुख्य सडकको रुपमा रहेको पोखरा बेलापुर सडक गाउंपालिकाको समन्वय एवं गाउँपालिकाको विशेष पहलमा प्रदेश सरकारवाट गौरवको योजनामा स्वीकृत भई आ. व. २०७७०७८ बाट सडक कालोपत्रेको कार्य सुचारु भएको छ । रुडुवा बडम फिन्देउ सडक, खसरेखान बेलापुर सडक, घुप्ताखान डाडावन सडक, धनकाट कोटेली निन्तोला चोरा सडक, विप्पेकटाल हतास चामा चौड ढुंगाड सडक, बेलापुर सुवाकोट गिल्ला मम्मे कोराल सडक वडा नं. ४ र ५ जोड्ने सडकहरुलाई स्तर उन्नती गर्न प्रदेश सरकार तथा संघ सरकारको समपुरक अनुदानबाट कार्यहरु अगाडि बढाउनेमा जोड दिइएको छ ।
- गाउँपालिकाको गौरवको योजनाको रुपमा रहेको गाउँपालिकाको केन्द्र संग जोड्ने खसरेखान पलेथर सेरि सडक स्तरोन्तति गरिने छ । जसका लागि बहुबर्षिय योजना अन्तरगत संघीय सरकारको सम्पुरक अनुदानमा आगामि आ.व.का लागि रु.१ करोड १५ लाख समपुरक अनुदान रु १ करोड १५ लाख गाउँपालिका बाट हुने गरि विनियोजन गरेको छु ।
- रडुवा वडम फिन्देउ सडक स्तरोन्नतीका लागि केन्द्र सरकारको रु.८० लाख र गाउँपालिको समपुरक रु.८० लाख विनियोजन गरिएको छ ।
- गाउँपालिकाको केन्द्र जोड्ने पोखरा बेलापुर सडक देखि दोगाड गाउँपालिका सडक स्तरोन्नतीका लागि रु.४० लाख प्रदेश सरकार समपुरक अनुदान र गाउँपालिकाबाट रु. ४० लाख विनियोजन गरेका छु ।

नवदुर्गा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय नगिलेक, डडेल्धुरा सुदूरपश्चिम प्रदेश नेपाल

लक्ष्मी प्रसाद अवस्थी अध्यक्ष

- गाउँपालिकाका प्रमुख सडक बाह्रै महिना यातायात संचालन हुने व्यवस्था मिलाइने छ । जसका लागि स्थानीय सडकहरु मर्मत तर्फ रु.३५ लाख विनियोजन गरेको छु ।

खानेपानी तथा सरसफाइ

- आधारभुत खानेपानी तथा सरसफाई सेवाबाट वञ्चित रहेका क्षेत्रहरुमा खानेपानी तथा सरसफाई सेवा विस्तारका कार्यकम प्राथमिकता दिइने छ । जसका लागि साना ठुला खानेपानी आयोजनाहरु मर्मत तथा निर्माण गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

- खानेपानी मुहान देखि मुख सम्म सफा राखौ भन्ने मान्यताका साथ खानेपानी शुद्दीकरणका कियाकलापहरुलाई जोड दिदै उपभोक्ता प्रोत्साहन गर्न उत्कृष्ट खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई पुरस्कृत गर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

- प्राकृतिक मुलहरुवाट खानेपानी आपुर्ती गर्न असहज भएका तथा मुल नै नभएका वस्तीहरुमा खानेपानी आपुर्ती गर्न लिफ्ट खानेपानी सहित सम्भाव्यता अध्ययन गर्न आवश्यक व्यवस्था गरेको छु ।

- मुल संरक्षणका लागि आवश्यक पर्ने सवै किसिमका कार्यहरु अगाडी बढाउन र सुक्दै गएका मुलहरुमा पानीको पुन आगमनका लागि मुल संरक्षणका लागि, बृक्षारोपण,प्राकृतिक शुद्धिकरणका कार्यहरुमा  आवश्यक बजेटको व्यवस्था गरिएको छ, साथै वहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत पानी सुद्धिकरण लगायत विद्यालय खानेपानीलाई मर्मत सुधारका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ । वहुक्षेत्रिय पोषणका लागि गाउँपालिकाबाट रु ५ लाख विनियोजन गरेको छु ।

- वर्षायाममा  खानेपानी आयोजनामा पर्न सक्ने प्रभाव, इन्टेक बगाउने, पहिरोमा परि पाईप लाईन क्षति हुने ,खानेपानी  पाईप बगाउने जस्ता समस्याहरुवाट तत्काल सामना गर्न र खानेपानी अभावलाई  कम गर्न तत्काल पाइप उपलब्ध गराउने व्यवस्था गरिएको छ ।
  उपर्युक्त खानेपानी आयोजनाका नयाँ तथा पुराना आयोजनाको निर्माण तथा मर्मत सम्भार समेत गरी खानेपानी आयोजनाका लागि प्रदेश सरकारको विषेश अनुदान समेत रु. ६८ लाख  बजेट बिनीयोजन गरिएको छ ।

भवन निर्माण

- गाउँपालिकाको आफ्नो सुविधा सम्पन्न प्रशासकीय भवन निर्माण, १५ शैयाको आधारभुत अस्पताल भवन निर्माण कार्य संचालन भईरहेको छ भने आगामी आ.व.मा रु. ८० लाखको लागतमा वडा नं ४ को वडा कार्यालय भवन निर्माण कार्यका लागि प्रदेश सरकार समपुरक अनुदान अन्तरगत

नवदुर्गा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय गणिलेक, डडेल्धुरा



लक्ष्मी प्रसाद अवस्थी अध्यक्ष

CamScanner

आवश्यक बजेट व्यवस्था गरिएको छ । वहुवर्षिय निर्माण कार्य सम्पन्न गर्न केन्द्र सरकार सँगको साझेदारीमा यस गाउँपालिकावाट आवश्यक पर्ने समपुरक वजेट को व्यावस्था गरिएको छ ।

- आगामी आवमा सुविधा सम्पन्न प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भई सोहि भवनबाट प्रशासनिक कार्य संचालनको व्यवस्था गरिनेछ । जसका लागि रु.२० लाख विनियोजन गरिएको छ ।
- वडा नं ४ को विकट वस्तीमा रहेको गिल्ला मम्मे क्षेत्रमा स्वास्थ्य सेवामा सुधार ल्याउन घरमै हुने सुतकेरीलाई निरुत्साहित गर्न प्रदेश सरकारको साझेदारीमा रु. ४० लाख वजेट व्यवस्था गरिएको छ ।

## आवास तथा पुर्ननिर्माण एकिकृत वस्ति विकास

- सुरक्षित नागरिक आवास कार्यकमको मर्मलाई आत्मसात गरि कार्यक्रमहरु सचालन गरिनेछ । संघीय सरकारबाट शषर्त अनुदान तर्फको कार्यकमलाई प्राप्त अनुदान रकम रु.३३ लाखलाई उपलब्धीमुलक तरिकाले कार्यान्वयन गरिनेछ ।
- विपद तथा प्रकोपको जोखिममा रहेका घर तथा वस्तिहरु पहिचान गरि व्यवस्थापनका लागि संघिय सरकार सँग आवश्यक पहल गरिनेछ ।
- वडा न ४ को गिल्ला क्षेत्रमा सुविधासम्पन्न सुत्केरि आवास गृह निमार्णका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

## सिचाई

- कृषियोग्य भूमिमा दिगो एवम् भरपर्दो सिँचाई सुविधा उपलब्ध गराउन सिँचाइ विकास गुरुयोजना तजुर्मा गरिनेछ ।
- कृषि वालिनालीको उत्पादन वढाउन परम्परागत सिचाई प्रणालीलाई व्यवस्थीत गर्न प्लाष्टिक पोखरी जस्ता कार्यक्रमहरुलाई अगाडी वढाउन व्यवसायीक तरकारी खेतीका लागि आवश्यक पर्ने पुर्वाधारजन्य सिचाई आयोजनाका लागि बजेट व्यवस्था गरिएको छ ।
- थोरै लगानीमा सम्पन्न हुने साना सिचाइ अन्तर्गत प्लाष्टिक पोखरी, पाइप सिचाई जस्ता कार्यक्रमहरु सम्पन्न गर्न साना सिचाइ कार्यक्रम अनुदानलाई निरन्तरता दिएको छु ।
- तल्लो तटिय क्षेत्र तथा खोला किनारका खेतहरुमा लिफ्टका माध्यमवाट पानी तान्ने व्यवस्थाका लागि आवश्यक पर्ने वजेट व्यवस्था गरिएको छ ।

नवदुर्गा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय गणिलेक, डडेल्धुरा सुदूरपश्चिम प्रदेश नेपाल

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

यसरी सिचाई पूर्वाधारको मर्मत सुधार अधुरा सिचाइ आयोजनाको पुर्णताका लागि सिचाइ तर्फ कुल रु. २७ लाख बजेट बिनीयोजन गरिएको छ ।

## आर्थीक विकास

### उद्योग

- युवाहरुको रोजगारीका लागि वैदेशिक श्रम बजार माथिको परनिर्भरता घटाउन गाउँपालिकामा साना उद्योग स्थापना गर्ने नीति अनुरुप मौरीपालन उद्यममा  मौरीपालन कृषक समुह गठन, कृषकका लागि तालिम, मौरीघार वितरण, महदानी वितरण, मौरी चरनका लागि फलफुलका विउँ वितरण जस्ता कार्यकमका लागि आवश्यक वजेटको ब्यवस्था गरिएको छ ।
- गरिबि निवारणका लागि उद्यम विकास कार्यक्रम अन्तरगत सिलाई कटाई तालिम तथा मेसिन वितरण मह उत्पादनका लागि मौरी सहितको घार उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइएको छ ।
- युवाहरुलाई उत्पादन र उद्यम विकास संग जोडन युवा उद्यमी कार्यकमका लागि आवश्यक वजेट व्यवस्था गरिएको छ ।

  उल्लेखित सवै कार्यकाहरु लागि रु ९ लाख २ हजार विनियोजन गरिएको छ ।

### कृषि

- युवाहरुलाई केन्द्र सरकारको साझेदारी सहित कृषिमा युवा आर्कषण बढाउन प्रधानमन्त्री कृषि आधुकिकीकरण परियोजना संङ्को समन्वयमा आलु उत्पादनमा बृद्धि गर्न आवश्यक वजेट व्यवस्था गरिएको छ ।
- यस गाउँपालिकाका अधिकांस जनताको मुख्य पेशा भनेको कृषि भएकोले यस क्षेत्रको प्रबर्द्धन विकासको लागि कृषि सडक, सिंचाई सुविधा विस्तार, व्यवसायीक तालिम, प्राविधिक सहयोगका लागि आवश्यक प्रवन्ध गरिएको छ ।
- प्रविधि हस्तान्तरण तर्फ  कृषक समुह कृर्षि उद्यमिलाई कृर्षि यान्त्रिकरणका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।
- एक गाउँ एक उत्पादन लाई मुर्त रुप दिन पकेट क्षेत्र पहिचान गर्दै कृषि तथा तरकारी खेतीमा व्यवसायीकरण गर्न युवाहरुको सहभागिताका लागि केन्द्र सरकारवाट प्राप्त अनुदानमा साझेदारी सहित पकेट क्षेत्र कार्यक्रम संचालनका लागि आवश्यक वजेट व्यवस्था गरिएको छ ।

नवदुर्गा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अभिलेख, डडेल्धुरा सुदूरपश्चिम प्रदेश नेपाल

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

- युवाहरुलाई कृषिमा आकर्षित गर्दै वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई समेत कृषि व्यवसायमा आवद्ध हुन प्रोत्साहित गर्न नेपाल सरकार सँगको साझेदारीमा रोजगारी सिर्जना गर्न साझेदारीमा आवश्यक वजेटको व्यवस्था गरिएको छ ।
- सुख्खा तथा बाह्रै महिना सिंचाई अभाव भएका बस्तिहरुमा फलफुल बिरुवा रोपण कार्यमा बढावा दिइने छ जसका लागि छरिएर जाने हिउदे तथा बर्षे फलफुलका बिरुवा वितरण तथा रोपणका लागि आवश्यक व्यवस्था मिलाइएको छ ।
- कृषि उत्पादनलाई बजारसँगको पहुँच पुर्याउन तथा कृषकहरुको उत्पादनलाई समयमै बजारीकरण गर्न कृषि एम्बुलेन्सका लागि आवश्यक समन्वय गरि कृषि उत्पादनको बजारीकरणमा जोड दिएको छु ।
- यस गाउँपालिकाको क्षेत्र भित्र उल्लेख्यरुपमा उत्पादन हुने मकै वालीलाई प्रर्वद्धन गर्न उन्नत विऊ उत्पादनका लागि मकै विउमा अनुदानको व्यवस्था मिलाईएको छ ।
- सुख्खा तथा बाह्रै महिना सिंचाई अभाव भएका बस्तिहरुमा फलफुल बिरुवा शतप्रतिशत ढुवानी तथा ५० प्रतिशत मुल्य अनुदानमा दिने ब्यवस्था मिलाइएको छ ।
- कृषकहरुको अन्नबाली भण्डारणका लागि अनुदानमा सिडबिन वितरणको व्यवस्था मिलाएको छु ।

उल्लेखित कृषि तर्फका सवै कार्यकम सम्पन्न गर्न रु. ४० लाख ९६ हजार बजेट विनियोजन गरेको छु ।

पशुपंक्षीपालन

- हालैका दिनहरुमा पशुचौपायमा देखिएको लम्पी स्किन रोगका कारण व्यापकरुपमा पशुधनमा क्षेती भएको र अझै नियन्त्रणमा नआइसकेकाले सम्भावित माहामारी नियन्त्रण गर्न आवश्यक खोप सहित औषधीको व्यवस्थाका लागि बजेटको प्रवन्ध गरेको छु ।
- उन्नत नश्ल सुधार गर्न उन्नत जातका राँगो वोका वितरण गरि पशु नश्ल सुधारमा जोड दिइनेछ । कृषि तथा पशुपंक्षी वीमा सेवा कार्यक्रमलाई अभियानको रुपमा संचालन गर्न, पशुधन बिमा लाई अनिवार्य गरि कृषकको संभावित क्षतिको जोखिम घटाउन र पशुपालन तर्फ आकर्षण बढाउन प्रभावकारी पशुधन विमा कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- पशुपंक्षीको मासुको वजार प्रवर्धन गर्न सुरक्षित माशु पसल व्यवस्थीत गर्न आवश्यक सहयोग गर्न अनुदान दिने व्यवस्था मिलाएको छु ।

नवदुर्गा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष



CamScanner

- कुखुरापालन, भैसीपालन, बाखापालन,तर्फ युवा तथा कृषकलाई समुहमार्फत अनुदान उपलब्ध गराउन आवश्यक रकमको व्यववस्था गरेको छु । पशु वस्तुमा लाग्ने महामारी रोगका कारण हुने क्षति र कृषकहरुको लगानीमा हुने जोखिमलाई ध्यान दिदै यसको क्षति न्यूनिकरण गर्न नाम्ले तथा जुकाको औषधि र माहामारी विरुद्धका भ्याक्सीन अभियानका रुपमा संचालन गर्न आवश्यक वजेट व्यवस्था गरेको छु ।
- पशुको सन्तुलित आहारको व्यवस्थापनमा जोड दिदै दुध तथा मासुजन्य उत्पादनमा उल्लेख्य वृद्धि गर्न खेतवारीका डीलकान्ला तथा खेर गईरहेको खाली जग्गा र सार्वजनिक जग्गाहरुमा समेत बाह्रै महिना पुग्ने गरि डाले तथा भुईघाँस लगाउने अभियानलाई निरन्तरता दिदै जै घाँस लगायत अन्य एकवर्ष तथा बहुवर्षिय घास प्रवर्धनका लागि आवश्यक व्यवस्था गरेको छु ।
- विभिन्न समयमा पशुहरुमा देखिने सरुवा रोगहरु नियन्त्रण गर्न रोग विरुद्धका खोपहरु, पशुहरुको औषधी उपचारका लागि बजेट व्यवस्था गरेको छु ।
- उल्लेखित सवै कार्यका लागी पशु विकास तर्फ कुल जम्मा रु. ५० लाख ५० हजार विनियोजन गरेको छु ।

संकृति पर्यटन

- प्राकृतिक रुपले रमणीय स्थानमा रहेको नवदुर्गा गाउँपालिका ऐतिहासिक, धार्मिक, सांस्कृतिक धरोहरहरुको धनी भुमिमा रहेका यस क्षेत्रका पौराणिक मठ मन्दिर देवलहरुको संरक्षणमा जोड दिन गाउपालिका भित्र रहेका मठमन्दिरहरुको मर्मत सुधार जिर्णोद्धार भण्डार घर देउघर निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- नवदुर्गा गाउँपालिका भित्र रहेका पुराना ऐतिहाँसिक महत्वका परम्परागत धरोहरको संरक्षण गर्न, पुराना पौराणीक व्यक्तित्वहरुले लगाएका वर पिपल चौतारीहरुको संरक्षण र पुराना हुलाकि बाटाहरुको संरक्षणका लागि रोजगारसंग जोडेर प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कामकालागि नगद सँग जोडि कार्यक्रमको प्रवन्ध मिलाइएको छ ।
-

माथि उल्लेखित संस्कृती पर्यटन तर्फ रु १७ लाख ५० हजार बजेट बिनीयोजन गरेको छु ।

नवदुर्गा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष



CamScanner

सहकारी तथा गरिवी निवारण

- सार्वजनिक निजी क्षेत्र तथा सहकारी सहितको तीन खम्वे अर्थ निती अवलम्वन गर्दै सहकारी क्षेत्रको विकासमा सहभागिता सुनिश्चितता गर्न कृषि सहकारी, वहुउद्देश्यीय सहकारी प्रवर्धनका लागि आवश्यक वजेट व्यवस्था गरिएको छ ।
- गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत अति गरिव परिवारका सदस्यहरु सम्मिलित उद्यमी समुहहरुलाई रोजेको व्यवसायका लागि आवश्यक अनुदानको व्यवस्था मिलाइएको छ ।
- सवै वडाहरुमा संचालित ऋण वचत तथा वहुद्देश्यीय सहकारीहरुको क्षमता अभिवृद्धी गर्दै सहकारीतामा जोड दिन नयाँ वन्ने सहकारीहरुमा कृषि तथा पशुपालनमा समेत ऋण तथा वचत परिचालन गर्न व्यवस्था मिलाएको छ ।

  सहकारी क्षेत्रको समग्र विकासका लागि कुल रु. २ लाख वजेट विजियोजन गरेको छु ।

## सामाजिक विकास

स्वास्थ्य

- यस गाउँपालिकाका अति विपन्न गर्भवती, सुत्केरी तथा सेवाको पहुँचवाट टाढा भएका सम्पुर्ण गाउँपालिका वासी जनसमुदायहरुलाई लक्षित गरि वर्षको एक पटक प्रत्येक वडामा विषेशज्ञ सहितको एकिकृत निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्न रु. १५ लाख वजेट विनियोजन गरेको छु ।
- जेष्ठ नागरिक अशक्त नागरिकहरुका लागि घरमै चेक जाँच गर्ने तथा एक वडा एक सामुदायीक स्वास्थ्य कर्मी कार्यक्रमलाई निरन्तरता दिन रु.१४ लाख ३० हजार विनियोजन गरेको छु ।
- पुर्ण पोषण मैत्री पालिका अभियान पुर्ण संस्थागत सुत्केरी घोषणा अभियान र पुर्ण खोप सुनिश्चितता तथा दिगोपनालाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- पालिकाको पायक पर्ने ठाउँमा आँखा उपचार केन्द्र सचालन भइरहेकोमा उक्त आखा उपचार केन्द्रलाई थप व्यवस्थीत तथा सुदृढीकरण गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।
- महिलाहरुको प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्न स्वास्थ्य क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी निकायसंगको साझेदारीमा महिलाहरुको पाठेघर खस्ने (आङ खस्ने) सम्वन्धी समस्याहरुको समाधान गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- जेष्ठ नागरिकको आँखा उपचार तथा मोती विन्दुको अप्रेसन शिवीर सञ्चालन गर्न तथा रेफरल केसहरुका लागि आर्थिक सहायता प्रदान गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।

नवदुर्गा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय मणिलेक, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

- नियमित स्वास्थ्य जाँच, खोप कार्यक्रम, निदान तथा परामर्श सेवा, प्राथमिक उपचार सेवा लगायत स्वास्थ्य संस्थाहरुवाट प्रदान गरिने नियमित स्वास्थ्य सेवा तथा माहामारी लगायत अन्य कारण वाट प्रभावित हुन नदिन स्वास्थ्य कर्मीको उचित सुरक्षा व्यवस्थाका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
- प्रत्येक वडामा गर्भवती लक्षीत निशुल्क अल्ट्रासाउण्ड ( भिडियो एक्सरे ) सेवा निरन्तरता दिएको छु जसका लागि रु ३ लाख विनियोजन गरेको छु ।
- प्रयोगशाला सेवालाई थप सुदृढीकरणका लागि औजार उपकरणको व्यवस्थापन गर्न आवश्यक वजेटको विनियोजन गरेको छु ।
- यस गाउँपालिकाका सुनौला हजार दिनका बालबालिका र आमाहरुको पोषणमा सुधारको लागि संचालित **पोषण चौतारी कार्यक्रम**लाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- चार पटक गर्भ जाँच गरि संस्थागत प्रसुती सेवा लिने आमालाई उपाध्यक्षको कोशेली कार्यक्रम अन्तरगत पोषिलो सामाग्री वितरण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिकामा सेवारत महिला स्वास्थ्य स्वयंसेवीकाहरुलाई एप सहितको मोवाइल वितरण भईसकेकोमा स्वास्थ्य सम्वन्धि सूचनाहरु संकलन गर्ने महिला स्वास्थ्य स्वयमसेवीकाहरुलाई संचार खर्च उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- यस गाउपालिका भित्रका सवै वार्डहरुमा रहेका गर्भवती तथा प्रसुती जटिलता भएका गर्भवति तथा सुत्केरीहरुलाई आकस्मिक अवस्थामा रेफर गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- अनिच्छित गर्भलाई सुरक्षित तरिकाले गर्भपतन गराउन सुरक्षित गर्भपतन सेवालाई बाकि रहेका स्वास्थ्य संस्थामा विस्तारका आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- खोप सेवालाई थप प्रभावकारि रुपमा संचालन गर्ने उदेश्यले पालिका स्तरमा स्थापना भएको कोल्डचेन सव सेन्टर का लागि आवश्यक सामाग्री व्यवस्थापन गर्न बजेटको व्यवस्था गरेको छु ।
- वैकल्पिक चिकित्सा सेवालाई प्रर्वधन गर्न यस गाउँपालिका अन्तर्गत रहेका मणिलेक आर्युवेदिक औषधालय र नागरिक आरोग्य केन्द्रबाट प्रदान गरिने आर्युवेद सेवालाई थप सुदृढ गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।

माथि उल्लेखित स्वास्थ्य तर्फको कार्यकम सम्पन्न गर्नका लागि रु. १ करोड ६५ लाख बिनियोजन गरेको छु ।

नवदुर्गा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय मणिलेक, डडेल्धुरा सुदूरपश्चिम प्रदेश नेपाल

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष



CamScanner

शिक्षा

- शैक्षिक गुणस्तर सुधारका लागि तथा विकासका लागि शिक्षण सहायता अनुदान उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरेको छु।
- विद्यालय कर्मचारि बालविकास सहजकर्ता सामुदायिक सिकाइ केन्द्रका परिचालिका र विशेष शिक्षा तर्फका आयाहरुको न्यूनतम पारिश्रमिक आगामी आ.वमा समेत संघ सरकारबाट साविककै दरमा स्वीकृत गरेकामा अपुग हुन जाने रकम गाउँपालिकाबाट थप गरि रु.१५ हजार लाई निरन्तरता दिएको छु।
- प्रधानाध्यापक बैठक तथा समिक्षा, गाउँ शिक्षा समिति बैठक र विभिन्न कार्यदल बैठकका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- रिफ्रेसर तालीम तथा अन्तरक्रिया कार्यक्रम मार्फत शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिमको व्यवस्था गरेको छु।
- शिक्षाको गुणस्तरीयता र समानतामा आधारित बनाउन गाउँपालिका स्तरिय परिक्षा प्रणालीको विश्वसनियतामा जोड दिन प्रश्नपत्र निर्माण उत्तरपुस्तीका परीक्षण कक्षा ५ र ८ को परीक्षा व्यवस्थापन एवँ संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- सबै बालबालिकालाई माध्यामिक तह सम्म कम्प्यूटर शिक्षा दिईने गरी विद्यालयलाई आवश्यक भौतिक पुर्वाधार बाह्य वातावरण शौचालय आई.सिटि. ल्याब पुस्तकालय विद्यालय भवन निर्माण कार्यलाई निरन्तरता दिएको छु।
- सामुदायिक विद्यालयको स्तरोन्नति र विद्यालय शिक्षाको गुणस्तरमा वृद्धि हुने गरी प्रविधि र सुविधायुक्त बनाउन कम्तिमा १ वटा विद्यालयलाइ सूचना प्रविधि मैत्री विद्यालयको रुपमा छनोट गरी स्कुलहरुमा अंग्रेजी भाषा लगाएत,कम्प्युटर, भौतिक पुर्वाधार र गुणस्तर सुधारका लागि आवश्यक तालिम अन्तक्रिया जस्ता कार्यक्रमलाई निरन्तरता दिएको छु।
- विद्यालयमा रहेका अधुरा भवनको निर्माण कार्यलाई पुर्णता दिन आवश्यक बजेट व्यवस्था गरेको छु।
- विषयगत शिक्षकसँगको अन्तरक्रिया, विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम, चेक लिष्टमा आधारित प्रभावकारी तथा सुपरिवेक्षण, आइ.सि.टी., कम्प्युटर तथा लेखा व्यवस्थापन तालिमका माध्यमबाट विद्यालयमा गुणस्तर सुधारका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।
- गाउँपालिका भित्र ५ वटै वडाहरुमा १ १ वटा नमुना बालविकास केन्द्र सुदृढीकरणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

नवदुर्गा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

उपर्युक्त शिक्षा क्षेत्रका शिक्षक कर्मचारी तलव समेत सवै कार्यका लागि गाउँपालिकाबाट रु. २ करोड २१ लाख ७० हजार रकम विनियोजन गरेको छु।

## सरसफाई तथा स्वच्छता

- यस नवदुर्गा गाउँपालिका भित्र रहेका वस्तीमा धुवा रहित चुलो निर्माण गर्न सरकारी निकाय तथा विभिन्न संघसंस्था संग पहल गरि धुवारहित गाउँपालिकाको रुपमा कार्यक्रमहरु अगाडी बढाउन एवम वैकल्पिक उर्जाका स्रोतहरुको खोजी गर्दै बायोग्याँस,रकेट चुलो ,सौर्य उर्जा जस्ता कार्यक्रमहरु कार्यान्वयनलाई निरन्तरता दिएको छु।
- सबै स्वास्थ्य संस्थाहरुमा सरसफाइ स्वच्छता प्रर्वधन गर्न हातधुने कर्नर तथा स्वास्थ्य संस्थाहरुबाट निस्किने फोहोरको वर्गिकरण तथा उचित व्यवस्थापनका लागि आवश्यक प्रवन्ध मिलाइएको छ।

उपर्युक्त सरसफाइ स्वच्छता प्रर्वधनका लागि रु २ लाख विनियोजन गरेको छु।

## महिला तथा लैगिंक समावेशीकरण

- लैङ्गिक हिंसा, घरेलु हिसां, मानव वेचविखन, विभेद तथा असमानता विरुद्ध जनचेतना अभिवृद्धि गर्न अन्तराष्ट्रिय श्रमिक महिला दिवस, लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान लगायतका दिवशहरुमा सचेतीकरणका कार्यक्रमहरुलाई निरन्तरता दिएको छु।
- अति विपन्न तथा कोभिडबाट प्रभावित महिलालाई आयआर्जनका कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- गाउँपाकिमा लैससास परिक्षण गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- महिलाहरुका हक हित अधिकार सम्वन्धि विषयका बारेमा सचेतना जगाउने कार्यकमका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।
- एकल महिलाहरुलाई उनीहरुको आयआर्जनका लागि अनुदान सहित सिप विकास प्रर्वधनका लागि आवश्यक व्यवस्था मिलाउन एकल महिलासँग उपाध्यक्ष कार्यकम कार्यान्वयनका लागि बजेट व्यवस्था गरेकोछु।
- स्वास्थ्य संस्थाबाट दुरदराजमा रहेका वस्ती गिल्ला मम्मेमा महिलाहरुको प्रजनन स्वास्थ्यमा सुधार ल्याउन र घरमै हुने सुत्केरीलाई न्यून गर्न उक्त बस्तीमा वर्थिङ सेन्टरका निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

उपर्युक्त कार्यक्रमहरुका लागि रु ८ लाख विनियोजन गरेको छु।

नवदुर्गा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भागेश्वर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश नेपाल

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

## दलित तथा सिमान्तकृत बर्ग

- दलित तथा सिमान्तकृत वर्गको उत्थानको लागि कार्यक्रम बनाई लागु गर्न परंम्परागत पेशाहरुको बैज्ञानिकीकरण गर्दै आयआर्जनतर्फ उन्मुख गर्ने कार्यक्रम,जातीय भेदभाव कसुर सजाय ऐनलाई प्रभावकारी कार्यान्वयन गर्न हरेक वडामा दलितहरुको सामुहिक आय आर्जनको कार्यक्रममा जोड दिन एवम परम्परागत सिपको विकास गर्न आरन सेट, सिलाई मेसिन जस्ता सामाग्री वितरण गरी उनीहरुको आयआर्जनका लागि आवश्यक बजेट व्यवस्था गरेको छ।
- विपन्न दलित तथा सिमान्तीकृत समुदायको आयआर्जनमा जोड दिन सिपमुलक तालिमको व्यवस्था मिलाएको छ।
- दलित जातीहरुको परम्परागत सिपमा आधारित पेशालाई व्यवसायीकरण गर्न गरिबि निवारणका लागी लघु उद्यम विकास कार्यक्रम मेडपा मार्फत आधुनीकिरणका लागि आवश्यक व्यवस्था मिलाइएको छ।
- विपन्न दलित बालबालिकाहरुलाई प्राविधिक शिक्षा अध्ययन सहयोगका लागी आवश्यक बजेटको व्यवस्था गरेको छ।

  उल्लेखित दलित तथा सिमान्तकृत बर्ग लाई विकासको मुलप्रवाहीकरणमा समाहित गर्न र दलित हक अधिकार सुनिश्चित गर्न शसक्तिकरण समेतका लागि रु ८ लाख रकम विनियोजन गरेको छ।

## युवा तथा खेलकुद

- विद्यालय स्तर देखि वडा तथा गाउँपालिका स्तरका खेलकुदको विकास गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ।
- युवा स्वरोजगारलाई अझ वढी प्रभावकारी बनाउन प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत युवा लक्षित आयोजनाहरु छनोट गरि उनीहरुको आर्यआर्जन हुने खालका आयोजनाहरुका लागि आवश्यक बजेट विनीयोजन गरिएको छ।
- वढ्दो युवा वेरोजगारीलाई मध्यनजर गरी कम्प्युटर तालिम, ड्राइभिङ्ग जस्ता तालिमहरु प्रदान गरी युवाहरुलाई स्वरोजगार वनाउन आवश्यक बजेट व्यवस्था गरेको छ।
- विद्यालय स्तरीय खेलकुद प्रतियोगिताहरु संचालन गर्न र राष्ट्रपति रनिङ्ग सिल्ड संचालन गर्न आवश्यक पर्ने बजेट व्यवस्था गरेको छ।

नवदुर्गा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

- विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।
- गाउँपालिका स्तरमा अध्यक्षकप खुला खेलकुद प्रतियोगिता आयोजना हुने गरि खेलाडिहरुको प्रतिभा पहिचानका लागि खेलकुद प्रतियोगिता सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ ।

उपर्युक्त सवै क्रियाकलापहरु संचालन गर्न युवा तथा खेलकुद कार्यकम तर्फ रु.१२ लाख विनियोजन गरेको छ ।

बालवालिका

- सवै वडाहरुमा वालमैत्री सूचकहरु अवलम्वन गर्ने सुनिश्चितता गर्दे वडा स्तरीय वालक्लव गठन गाउँपालिका स्तरीय वालसंजाल गठन र वालसंजालको अभिमुखीकरणका लागि आवश्यक बजेट व्यवस्था गरेको छ ।
- वालविकास केन्द्रहरुमा सो उमेर समुह सम्मका वच्चाहरुलाई आउने सुनिश्चितताका लागि समुदाय स्तरमै वालविकास केन्द्र संचालनका लागि आवश्यक व्यवस्था गरिएको छ ।
- सहिद वेपत्ताका छोरा छोरीहरु वावाआमा गुमाएका टुहुरा वालवालिकाहरुको संरक्षरण गर्दै उनीहरुलाई विद्यालय सम्म ल्याउने, टिकाउने, पढाउने र सिकाउने नीति सँगै उनीहरुको पालन पोषण समेत शिक्षाको उचित प्रवन्ध मिलाउन अध्यक्ष प्रकोप राहात तथा उद्धार कोष सञ्चालन निर्देशिका बमोजिम टुहुरा बालबालिकाहरुलाई मासिक बृत्ति उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरेको छ ।
- विपन्न तथा जेहेन्दार बालबालिकाहरुलाई शैक्षिक सामाग्रि वितरणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।
- वालवालिकाको सर्वाङ्गीण विकासका लागि बाल मैत्री अभियान संचालन गर्न सवै विद्यालयहरुमा वालवालिकाहरु लाई सुरक्षित महसुस गर्ने नीति अनुरुप वालावालिकालाई दिवा खाजा उपलब्ध गराउन र वालवालिकाहरुको विद्यालय शिक्षामा अनिवार्य पहुँच सुनिश्ति गर्न आवश्यक बजेट व्यवस्था गरेको छ ।

उल्लेखित वालवालिका लक्षित कार्यकम सम्पन्न गर्न रु. ३ लाख रकम विनियोजन गरेको छ ।

बृद्ध/बृद्धा जेष्ठ नागरिक

- **"बृद्ध बृद्धाहरु वोझ होइनन मार्ग दर्शक हुन सम्मान गर्नुपर्छ** भन्ने ध्यका साथ जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

- जेष्ठ नागरिकहरुले पाउदै आएको सामाजिक सुरक्षा बृत्तीलाई बैङ्किङ प्रणाली मार्फत सहज रुपले प्रदान गर्न बैङ्कहरु सँगको समन्वयमा क्लष्टरहरुमा वितरण गर्ने व्यस्था मिलाएको छु।
- वहिस्करणमा परेका वृद्ध वृद्धा को पुर्न स्थापना कार्यकम,स्वास्थ्य चेकजाँचका लागि आँखा शिविर,स्वास्थ्य शिविर जस्ता कार्यकमहरुलाई निरन्तरता दिइएको छ।
- एकल अवस्थामा रहेको घरपरिवारबाट वहिस्कृत पारिएको र नेपाल सरकारबाट सामाजिक सुरक्षा वृत्तिमा समावेश हुन नसेकेका एकल वृद्ध विदुर पुरुषहरुका लागि सम्मान पुर्वक बाच्न पाउँने व्यवस्था गर्दै आवश्यक संरक्षणको व्यवस्था मिलाएको छु।
- जेष्ठ नागरिकहरुलाई सम्मान कार्यकम अन्तरगत प्रत्येक वडामा विभिन्न कार्यकमहरु सचालन गरिने व्यवस्था मिलाएको छु।

<u>अपांगता</u>

- अपाङ्गता पहिचान, वर्गिकरण तथा सुविधा र सहयोगको लागि अपागंहरुले पाउने वृतिलाई बैङ्किङ प्रणाली मार्फत जाने र बैङ्कसम्म पहुँच पुऱ्याउन तिनिहरुका संरक्षक मार्फत अपाङ्ग असक्त व्यक्तिका हातमा पुऱ्याउन आवश्यक व्यवस्था मिलाएको छु।
- चिकित्स्कहरुको टोली समेत संलग्न भई अपाङ्गहरुका लागि परिचय पत्र वितरण घरमै प्रदान गर्ने र अपाङ्ग अशक्तहरुका लागि आवश्यक पर्ने सहायक सामाग्री उपलब्ध गराउन बजेट व्यवस्था गरेको छु।
- अपाङ्गहरुको तथ्यांक संकलन परिचयपत्र प्रदान तथा उनीहरुको मागमा आधारित आवश्यकता परिपुर्ति गर्न र उद्यमशिलता विकास गर्न उचित बजेटको व्यवस्था गरेको छु।
- अपागंता भएका व्यक्तिहरुको जिवनयापन तथा दैनिक कियाकलापहरु गर्न सहज तुल्याउन सहायक सामग्रि वितरण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

न्यायिक समिति

- नवदुर्गा गाउँपालिका भित्रका हिसांमा परि आश्रयको आवश्यक परेका र न्याय निरुपण नहुदा सम्म उनीहरुलाई पुर्नःस्थापन सम्मका लागि सुरक्षित गृह सेफ हाउसको व्यवस्थाका लागि आवश्यक बजेटको व्यवस्था गरेका छु।
- न्यायिक समिति लगायत जनप्रतिनिधि तथा कर्मचारीहरुलाई कानुनी सेचतना सम्बन्धि अभिमुखीकरण क्षमता विकासका कार्यकम सचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

नवदुर्गा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष



CamScanner

- मेलमिलापकर्ता तथा समाजिक अगुवाहरुका लागि कानुन निर्माण सम्बन्धी कानुनी सचेतना कार्यक्रम लगायत मेलमिलापकर्ताहरुका लागि पुर्नःताजगी तालिम प्रदान गर्न आवश्यक व्यवस्था गरेको छ।
- ५ वटै वडाहरुका मेलमिलापकेन्द्रहरुमा सरोकारालाहरुलाई कानुनी सचेतना सम्बन्धी अभिमुखीकरण कार्यक्रम कानुनी हक अधिकार मानव बेचविखन लैंगिक तथा हिंसा सम्बन्धी अभिमुखीकरण कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था गरेको छ।
- वडास्तरमा आएका कानूनी समस्याहरुलाई वडा स्तरमै मेलमिलापकर्ता द्धारा समाधाान गर्न सकिने व्यवस्था मिलाउन आवश्यक व्यवस्था गरिएको छ।
- स्थानीय स्तरमा रहेका अन्तर व्यक्ति विवाद समाधानका लागि मेलमिलाप प्रकिया वहु सरोकारवाला विवाद रुपान्तरण, सार्वजनिक चासोका सवालहरुको समाधानका लागि सम्वाद जस्ता कार्यक्रमहरु सञ्चालन गर्न गै स स को सहभागिता समेत हुने गरि आवश्यक वजेट प्रवन्ध गरेको छु।

  न्यायिक समितिको सम्पूर्ण कार्यक्रम तर्फ रु. ८ लाख बजेट विनियोजन गरेको छ ।

<u>उर्जा जलविद्युत</u>

- वडा नं. १ को पलेथर,वडा नं.४ र ५ का दुर्गम वस्तिहरुमा विद्युत सेवा पुर्‍याउने काम भइरहेको सन्दर्भमा आवश्यक विद्युतिय पोल  र तार तान्ने कार्यका लागि आवश्यक व्यवस्था मिलाएको छु।
- विगतमा विभिन्न स्थानहरुमा विद्युतका पोल गाडिएका, तार तान्न बाँकी रहेका वस्तीहरुमा विद्युत सेवा पुऱ्याउन र सवै अलपत्र परेका विद्युत लाइनहरु को पुर्णता का लागि आवश्यक व्यवस्था मिलाउन नेपाल विद्युत प्राधीकरणसँगको समन्वयमा आवश्यक व्यवस्था मिलाएको छु।
- धुवा रहित चुलो वायो ग्यास प्रवर्द्धन गर्न आवश्यक वजेट व्यवस्था गरिएको छ।
- यस गाउँपालिकाका विभिन्न वडाहरुमा सञ्चालनमा रहेका पानी तान्ने पम्पहरु मर्मत सम्भार गरि नियमित पानी सञ्चालन गर्न नविकरणीय उर्जा सौर्य उर्जाका माध्यमबाट मोटरहरु सञ्चालनको व्यवस्था मिलाइएको छ।

<u>राहत तथा सहयोग कोष</u>

- आमाबुवा गुमाएका नाबालक टुहुरा बालबालिका अशाहाय महिला निसन्तान एवम सन्तान वाट संरक्षण नपाएका विदुर पुरुष तथा एकल महिलाहरुलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन आवश्यक पर्ने बजेट व्यवस्था गरेको छु।

नवदुर्गा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष



CamScanner

- लैङ्गिक हिंसा मावन वेचबिखनमा परेका पिडित तथा प्रभावितहरुका लागि आपतकालिन अवस्था भएमा पिडित एवम आवश्यक सहयोगको लागि पालिका स्तरिय अध्यक्ष राहात तथा सहयोग कोषलाई निरन्तरता दिएको छु ।
- लैङिक हिंसा, अति विपन्न विपद प्रभावित पीडितहरु तथा स्वास्थ्य उपचारको अभावमा उपचार नपाएका व्यक्तिहरुलाई राहत प्रदान गर्न गाउँपालिका अध्यक्ष राहातकोषको व्यवस्था गरेको छु ।
- सम्भावित मनसुन जन्य विपिद प्रभावितहरुका लागि राहात तथा उद्धार प्रयोजनका लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।
- यातायात खर्चकै अभावले उपचारबाट बन्चित भएका नागरिकहरुका लागि अस्पताल सम्म पहुँच पुऱ्याउन एम्बुलेन्स सेवा निःशुल्क गरिनुका साथै उपचारमा सहयोग स्वरुप राहात उपलब्ध गराउन आवश्यक बजेट व्यवस्था गरेको छु ।

माथि उल्लेखित कार्यका लागि १४ लाख रकम बिनियोजन गरेको छु ।

**वन, वातावरण, जैविक विविधता तथा विपद व्यवस्थापन**

- विपद व्यवस्थापनको पुर्व तयारी तथा प्रतिकार्य योजना बनाई लागु गर्न आवश्यक वजेट व्यवस्था गरेको छु ।
- वर्षात तथा बाढीपहिरोमा परि क्षति हुन सक्ने पुर्वाधार संरचना खानेपानी भवन पुर्वाधार लगायत नागरिकका निजी घर खेतहरुको संरक्षणका लागि आवश्यक तारजाली खानेपानी पाइपहरुको व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाएको छु ।
- सार्वजनिक स्थानमा वृक्षारोपण तथा वन डढेलो नियन्त्रणका कार्यक्रमहरु सचांलन गर्न र अग्नि नियन्त्रकको व्यवस्थापन तथा परिचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिका परिसरको जैविक अध्ययन एवं वृक्षारोपण कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- विपद व्यवस्थापन गर्न तथा जलवायु परिर्वतन अनुकुलित हुन योजना बनाइ विपद व्यवस्थापनका क्षेत्रमा काम गर्ने गरि विपद उत्थानसिल योजना निर्माण, आपतकालिन कार्यसञ्चालन केन्द्र, विपदमा परेकाहरुको खोज तथा उद्धार राहातका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- वातावरण संरक्षण सँगै आयआर्जन हुने खालका विरुवाहरु रोप्नका लागि ढुवानी अनुदान सहित विरुवामा नगद अनुदानको व्यवस्था मिलाएको छु ।

माथि उल्लेखित कार्यका लागि १० लाख रकम विनियोजन गरेको छु ।

**भु उपयोग**

नवदुर्गा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष



CamScanner

- सुकुम्वासी भुमिहिन तथा अति विपन्न परिवारहरुका लागि जग्गा खरिद गरि भुमिमा स्वामित्व कायम गर्न आवश्यक बजेट ब्यवस्था गरी सुकुम्वासी पुर्न स्थापना कार्यक्रमलाई निरन्तरता दिन तथा भुमि सम्वन्धी समस्या समाधान आयोग लगत संकलन इकाईवाट भुमिहिन दलित भुमिहिन सुकुम्वासी तथा अव्यवस्थीत बसोबासीहरुको जग्गा प्राप्तिका लागि भुमि सम्वन्धी समस्या समाधान आयोग सँग सहकार्य तथा समन्वय गर्न आवश्यक वजेट व्यवस्था गरेको छु।

  माथि उल्लेखित कार्यका लागि १० लाख रकम विनियोजन गरेको छु।

## सूचना र संचार

- स्थानीय रेडियो पत्रपत्रीका जस्ता संचार सामाग्रीहरुको प्रयोग गरी पालिकाबाट प्रदान गरिने सेवाहरु कानुनी सचेतना नागरिक अधिकार तथा कर्तव्य, पार्दशिता शुसासन कायम राख्न सार्वजनिक सञ्चारका माध्यमबाट प्रकाशन तथा प्रशारण वारे सचेतीकरण गर्न संचार माध्यमहरुको अधिकत्तम उपयोग गर्न आवश्यक वजेट व्यवस्था गरेको छु।
- सूशासन परियोजनाको सहयोगमा स्व साशन प्रवर्द्धनका लागि online system सेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि गाउँपालिकाको मोवाएल एप अडियो म्यासेजीङ्ग सेवा टेस्ट म्यासेजिङ्ग सेवा पोर्टल मार्फत सुचना प्रवाह गर्ने जस्ता कार्यका लागि आफ्नै सरभर तयार गर्न व्यवस्था मिलाएको छु।
- सञ्चारक्षेत्रमा क्रियाशील सार्वजनिक संघ-संस्थाहरुको संरचनागत एवं व्यवस्थापकीय सुधारमा सहकार्य गर्न जनतासंग प्रत्यक्ष सरोकार राख्ने, विकास र सम्बृद्धिमा टेवा पुर्‍याउने खालका कार्यक्रम उत्पादन प्रसारण गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।
- यस गाउँपालिकाको पालिका स्तरिय सुचना प्रविधि केन्द्र तथा वडा स्तरमा रहेका सामुदयिक सूचना प्रविधि केन्द्र टेक्नोहव संचालनलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेको छु।
- यसरी सुचना संचार क्षेत्रमा रु ८ लाख रकम विनियोजन गरेको छु ।

## सुशासन सेवा प्रवाह र जनशक्ती विकास

- जनताबाट निर्वाचित जनप्रतिनिधिहरु जनताप्रति जवाफदेहि हुन र गाउँपालिकाका सबै कार्यालयहरु लाई इन्टरनेटका माध्यमवाट Networking गर्दै E Governance सेवा प्रारम्भ गर्न र software संचालनका लागि बजेट व्यवस्था गरेको छु।
- उत्कृष्ट कार्यसम्पादन गर्ने राष्ट्र सेवकलाई प्रोत्साहन गर्ने पुरस्कृत गर्ने र अनुचित कार्यका लागि निषेध नीति अनुरुप दण्डित गर्ने व्यवस्था मिलाएको छु।

नवदुर्गा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

- विद्यालयका सबै गतिविधिहरु अनलाइन मा ल्याउन सबै सामुदायिक माध्यमिक तथा आधारभुत विद्यालयहरुमा इन्टरनेट जडानका लागि आवश्यक बजेट व्यवस्था गरेको छ ।
- विकेन्द्रीकरणका माध्यमबाट आफ्नो योजना तथा कार्यक्रम आफै बनाई संचालन गर्न सक्ने गरि वडा कार्यालयहरुलाई अधिकार सम्पन्न बनाउने नीति अनरुप प्रत्येक वडालाई छुटै अनुदानको व्यवस्था मिलाएको छ ।
- सुशासन प्रवर्धनका लागि वडा स्तर तथा गाउँपालिका स्तरमा सार्वजनिक सुनुवाई सार्वजनिक लेखा परिक्षण सामाजिक परिक्षण जस्ता सुशासनका औजारहरुका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- उपर्युक्त सार्वजनिक सेवा प्रवाह र जनशक्ति विकासका सम्पूर्ण कार्यका लागि रु.७ करोड २० लाख विनियोजन गरेको छु ।

उपर्युक्त माथि उल्लेखित बजेट तथा कार्यक्रम भित्र समेटिन नसकेका आयोजना तथा कार्यक्रमहरु संचालन गर्नका लागि स्रोत अभाव हुने हुदा सरकारी तथा गैरसारकारी निकाय सँग साझेदारी एवम सहकार्य गर्न तथा ठुला आयोजनाहरु दातृ निकायको साझेदारीमा सम्पन्न गर्न रु ३ करोड ७५ लाख समपुरक कोषको बजेट व्यवस्था गरेको छु ।

**सभाध्यक्ष ज्यू एवम**

**गाउसभाका सदस्य ज्युहरु ,**

माथि उल्लेखित सबै कार्यक्रम तथा बजेटहरुको स्रोत अनुमानका लागि सघं तथा प्रदेश सरकारबाट अनुदान,राजश्व र गाउँपालिकाको आन्तरिक आय,गत वर्षको नगद मौज्दात मुख्य स्रोतको रुपमा रहेको कुरा जानकारी गराउन चाहन्छु ।

उल्लेखित नीति तथा कार्यक्रम ,बजेट तथा योजना सम्पन्न गर्न आ.व.२०८०।०८१ मा कुल बजेट रु.४१ करोड ४६ लाख ७७ हजार रहेको छ। जस मध्ये

- आन्तरिक राजश्व रु १ करोड ५ लाख
- सघीय सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान रु.८ करोड ३९ लाख
- प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान रु.६७ लाख ६२ हजार
- सघीय सरकारबाट प्राप्त राजश्व बाडफाडबाट रु.८ करोड ६० लाख ७४ हजार
- प्रदेश सरकारबाट प्राप्त राजश्व बाडफाडबाट रु.१५ लाख ४१ हजार
- घरजग्गा रजिष्ट्रेसन शुल्क रु.३ लाख
- रोयल्टि रु.२ लाख ८० हजार ८ सय ८

नवदुर्गा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

- सघीय सरकारबाट प्राप्त शर्षत अनुदान  रु.१६ करोड ६८ लाख
- सघीय सरकारबाट प्राप्त सम्पुरक अनुदान रु.१ करोड ९५ लाख
- सघीय सरकारबाट प्राप्त विषेश अनुदान रु.१ करोड ८० लाख
- प्रदेश सरकारबाट प्राप्त सम्पुरक अनुदान रु. ८० लाख
- प्रदेश सरकारबाट प्राप्त विषेश अनुदान रु. ८० लाख

सकंलन हुन सक्ने सम्भावित आन्तरिक स्रोत,संघीय र प्रदेश सरकारबाट प्राप्त समानिकरण अनुदान, संघीय र प्रदेश सरकारबाट प्राप्त राजश्व बाडफाड,गत वर्षको नगद मौज्दात रकम समेत गरि कुल रु.४१ करोड ४६ लाख ७७ हजार रकमको आय व्यय अनुमान सहितको योजना तथा कार्यक्रम तर्जुमा गरि यस गरिमामय सभामा पेश गरेको छु ।

कुल आय तर्फ  ४१ करोड ४६ लाख ७७ हजार आयको प्रक्षेपण गरिएको छ । सम्पुर्ण खर्च हुने वजेट खर्च तर्फ चालु खर्च ७ करोड ४० लाख ५० हजार, पुँजीगत खर्च तर्फ ११ करोड ४७ लाख २७ हजार, समपुरक अनुदान तर्फ २ करोड ७५ लाख तथा विषेश अनुदान तर्फ २ करोड ६० लाख एवम सर्शत कार्यक्रम तर्फ १७ करोड २४ लाख गरी कुल ४१ करोड ४६ लाख ७७ हजार व्यय हुने अनुमान गरिएको छ ।

अन्तमा आर्थिक वर्ष २०८०।०८१ को वजेट तथा कार्यक्रम तर्जुमा गर्न अहम भुमिका निर्वाह गर्नु हुने सभाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभाका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत गाउँपालिकाका सम्पुर्ण कर्मचारी साथीहरु, राजनीतिकर्मीहरु एवम गाउँपालिका वासीहरु लगायत सवैमा हार्दिक आभार व्यक्त गर्दै वजेटको पुर्ण सदुपयोग सहित प्रभावकारी कार्यान्वयनमा जुट्न सवै जनप्रतिनिधि,कर्मचारी,उपभोक्ता गाउँपालिका अन्तरगतका सवै कार्यालयहरु, नागरिक समाज, वुद्धिजिवी एंवम् समस्त नवदुर्गा वासीहरुमा हार्दिक अनुरोध गर्दै विदा हुन्छु ।

धन्यवाद

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

निर्मला कुमारी बोगटी विष्ट

उपाध्यक्ष

नवदुर्गा गाउँपालिका डडेल्धुरा

मिति २०८० साल असार १० गते आइतवार

नवदुर्गा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अजिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश नेपाल

CamScanner